# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)


प.सं. २०८२/०८३
च.नं.

मिति: २०८३/०२/१९

## सेवा करारमा लिनेसम्बन्धी सूचना ।

लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि तपशिल बमोजिमको सेवा, समुह तथा पदको खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा लिनुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्युनतम योग्यता पुगेका उम्मेद्वारहरुले यस कार्यालयमा तोकिएको समय भित्र आवेदन दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं | किसिम | पद | तह | पद संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०९-२०८२/०८३ | खुला | हलुका सवारी चालक | श्रेणी विहीन | ५ | ५०० |
| २ | १०-२०८२/०८३ | खुला | नगर प्रहरी जवान | श्रेणी विहीन | १ | ५०० |
| ३ | ११--२०८२/०८३ | खुला | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | ३०० |

**दरखास्त दिने अन्तिम मिति:** मिति २०८३/०३/०३ गते बेलुका ५:०० बजे सम्म ।

**दरखास्त बुझाउने विधि :** आवश्यक सम्पूर्ण कागजात सहित कार्यालयमा सोझै आएर राजस्व शाखा मार्फत आवेदन दस्तुर तिरेको रसिद समेत संलग्न राखी आवेदन फाराम पेश गर्ने । (दरखास्त फाराम कार्यलयबाट उपलब्ध गराईनेछ ।)

**परिक्षाको किसिम :**

- **हलुका सवारी चालकको हकमा:** प्रयोगात्मक र अन्तर्वार्ता परिक्षा ।
- **कार्यालय सहयोगी पदको हकमा:** सामान्य लेखपढ क्षमता र अन्तर्वार्ता
- **नगर प्रहरी जवान पदको हकमा:** शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तर्वार्ता ।

**परिक्षा संचालन हुने मिति, स्थान :** दरखास्त पेश गर्ने म्याद सकिए पश्चात स्वीकृत भएका उम्मेद्वारको नामावली सहितको सूचना मार्फत जानकारी गराईनेछ ।

**न्यूनतम योग्यता:**

**हलुका सवारी चालकको हकमा:** बर्ग B (Car, Jeep, Delivery Van) को सवारी चालक अनुमतिपत्र प्राप्त गरेको, दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । अन्य प्रचलित कानूनले अयोग्य नभएको । सामान्य लेखपढ गर्न जान्ने ।

**नगर प्रहरी जवान पदका लागि:**

- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भएको २४ वर्ष ननाघेको । तर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीमा कार्य गरेको नेपाली नागरिकको हकमा ४५ वर्ष ननाघेको ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई./सो सरह उत्तीर्ण गरेको वा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीमा कार्यानुभव भएको, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको, छाती नफुल्लाउदा घटीमा ३१ ईन्च र फुल्लाउदा ३३ ईन्च भएको, वजन तौल घटीमा ५० के.जी. भएको, आखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको भनी प्रमाणित कागजात । अन्तरवार्ताको लागि छनौट हुने उम्मेदवारले स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**कार्यालय सहयोगीको हकमा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरेको, दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भएको ४० वर्ष ननाघेको ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात:** नेपाली नागरिकताको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सैन्य/प्रहरीको कार्यानुभव भएको हकमा कार्यगरेको प्रमाणपत्र प्रतिलिपी, पासपोर्ट साईजको ३ प्रति फोटो । हलुका सवारी चालको हकमा बर्ग B (Car, Jeep, Delivery Van) को सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।

**सेवा सुविधा, शर्त, अवधी र कार्यविवरण:** नगरपालिकाले सेवा करार सम्झौतामा तोकिएबमोजिम हुनेछ ।

२०८३/०२/१९
रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत